# बैठक नं. - ८३

MAYUR
Date
Page

आज मिति २०७८ साल फाल्गुण ३० गतेका दिन थवाङ्लेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री भगतबहादुर भलोनज्यूको अध्यक्षतामा बसी तपसिल अनुसारको निर्णय गरियो।

## उपस्थिति

1. श्री भगतबहादुर भलोन – अध्यक्ष
2. श्री दुर्गादेवी रुकुवार – उपाध्यक्ष
3. श्री रामकर्मी वाङ्वा – सदस्य
4. श्री रकबहादुर खड्का – "
5. श्री कृष्णबहादुर थिङ – "
6. श्री वज्रबहादुर पोख्रेल – "
7. श्री विष्णुकुमार कर्माचार्य – "
8. श्री सुन्दरीमाया वाङ्वा – "
9. श्री यमकुमारी दमाई – "
10. श्री भानुका थापामगर – "
11. श्री हिमालीमाया वि.क. – "
12. श्री गंगामाया वि.क. – "
13. श्री सुनमाया थिङ – "
14. श्री रामकुमार कार्की – प्रमुख प्रशासकीय अधिकृत

## अन्य उपस्थिति:

- श्री दिपेश न्यौपाने – इन्जिनियर
- श्री भरतजंग थापा – ना.सु.
- श्री रुद्रप्रसाद दहाल – लेखापाल

## निर्णयहरु:

## निर्णयहरु:

**निर्णय नं. १** :- यस गाउँपालिकालाई आ.व. २०७५।०७६ मा प्रदेश विशेष अनुदान अन्तर्गत प्राप्त कार्यक्रमहरु आ.व. २०७६।०७७ का लागि भाद्र मसान्त सम्म सम्पन्न गरी भुक्तानी गर्न बागमती प्रदेश सरकारबाट सहमती प्राप्त भएको सन्दर्भमा अविरल बर्षाको कारण समयमा काम नसकिएको हुदा गाउँ कार्यपालिकाको निर्णयले मिति २०७६ पौष ४ गते बसेको कार्यपालिकाको बैठकको निर्णय नं. ३ अनुसार २०७६ माघ मसान्त सम्म म्याद थप गरिएको र उक्त अनुदान अन्तर्गतका योजनाहरुको कार्य सम्पन्न भई भुक्तानीका लागि गाउँ कार्यपालिकामा बील भर्पाइ समेत पेश भई २०७६ माघ मसान्त सम्म भुक्तानी दिन प्रदेश सरकार संग सहमति माग गर्ने निर्णय भएकोमा प्रदेश सरकारको विशेष अनुदान तर्फको गाउँ कार्यपालिका कार्यालय भवन निर्माणको लागि विनियोजन भएको रु. १,००,००,०००।- गाउँ कार्यपालिका भवन निर्माणको लागि दुई वटा भवन निर्माणको लागि रु. ९९,९८,९७१।१६ को लागत अनुमान गरी बोलपत्र आह्वान भई भवनको सम्पूर्ण कामा ठेकेदारले सम्पन्न गरी नसकेको हुदा २०७७ बैशाख मसान्त सम्म भुक्तानीको लागि म्याद थपको लागि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश संग सहमति माग गर्ने निर्णय गरियो ।

**निर्णय नं २**:- जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको च.नं. १९९ मिति २०७६।८।१३ को पत्रानुसार प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत चालु आ.व. २०७६।०७७ मा यस पालिकाबाट संचालन हुने योजनाहरु मध्ये सातदोबाटो-लप्से-पाँचघरे-पचभैया-चिलाउने-सोलाभन्ज्यांग सडक स्तरोन्नती, वडा नं. ३ को लागि रु. ५० लाख विनियोजन भएकोले प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम(संचालन कार्यविधि) नियमावली, २०७६ मा भएको व्यवस्था बमोजिम ५० लाख वा सो भन्दा बढिको योजना बोलपत्र(ठेक्का) मार्फत गर्नु गराउनु पर्ने व्यवस्था भएकोले सो सडकको विस्तृत योजना प्रतिवेदन (DPR)_तयार गर्नको लागि रु. ५ लाख छुट्टयाई ठेक्काबाट योजना संचालनको लागि काम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.** ३:- स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.** ४:- प्रदेश सरकार, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम र गाउँ सभाबाट स्वीकृत गाउँस्तरीय । वडास्तरीय योजनाहरु मध्ये उपभोक्ताबाट संचालन हुने योजनाको लागि सबै वडाहरुले २०७६ चैत्र ७ गते भित्र उपभोक्ता समिति गठन गरी गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी दिने र चैत्त ११ गते वडा नं. ४, ५ को लागि रामपुर मा.वि. मा वडा नं. १,२ र ३ को लागि हायुटार मा.वि.मा उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये २ जनालाई सहभागी गराई उपभोक्ता समितिको अभिमुखीकरण तालिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ५:- यस आ.व.मा संचालन हुने योजनाहरुको लागत अनुमान, अनुगमन, मूल्यांकनको लागि मासिक रु. १ लाखमा नबढ्ने गरी १ वटा सवारी साधन भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं.** ६ :- यही २०७६ साल पौष २६ गतेको गाउँसभाको निर्णय नं. ३ को क्र.सं. ८ मा उल्लेखित सिम्लेफाँट सानो भोक्टेनी हुदै ठुलो भोक्टेनी सडक मर्मत योजनाको नाम संशोधन गरी आपडाँडा सानो भोक्टेनी हुदै ठुलो भोक्टेनी सडक निर्माण मर्मत शिर्षक कायम गर्ने निर्णय गरियो ।